# पाठ ३

# हाम्रा जीवनलाई व्यवस्थापन गर्नु

यसभन्दा पहिलाका दुईवटा पाठहरूमा ख्रीष्टियान कारिन्दापनका सम्बन्धमा परमेश्वर र हाम्रा जिम्मेवारीका बारेमा हामीले सिकेका थियौं । हामी परमेश्वरका सम्पत्ति र परमेश्वरका कारिन्दा दुवै हौँ भन्ने कुरा मालिकको इच्छाअनुसार हाम्रा जीवनलाई हामीले कसरी सञ्चालन गर्ने भन्ने विषयमा हामी यस पाठमा छलफल गर्नेछौं ।

परमेश्वरले चाहनुभएजस्तै गरी तपाईंले आफ्नो जीवनलाई सञ्चालन गर्न तपाईंलाई सहयोग पुऱ्याउन यो पाठ लेखिएको छ । पहिलो भागले तपाईंको जीवनको निम्ति परमेश्वरको योजनाको बारेमा बताउँछ; दोस्रोले यस योजनाभित्र भएको तपाईंको भागलाई उल्लेख गर्छ ।

करौंतीको चिल्लोपट्टिको भाग प्रयोग गरेर तपाईं काठको टुक्रालाई चिर्न सक्नुहुन्न । करौतीचाहिँ दाँतीले चिर्ने किसिममा बनाइएको एक औजार हो । प्रभावकारी रूपमा चिर्नका लागि यदि करौंतीलाई प्रयोग गरिनुपर्ने हो भने, यसलाई बनाउने व्यक्तिले चाहेजस्तै गरी यसलाई प्रयोग गरिनुपर्छ । यसरी नै परमेश्वरको योजना अनुसार यदि तपाईंले आफ्नो जीवनलाई सञ्चालन गर्नुभयो भने मात्र तपाईंको जीवन प्रभावकारी हुनेछ ।



### पाठको रूपरेखा

परमेश्वरको योजना

अनन्तताबाट दृष्टिगत गरिएको परमेश्वरको योजना

हाम्रो जन्मबाट दृष्टिगत गरिएको परमेश्वरको योजना

हाम्रो बोलावटबाट दृष्टिगत गरिएको परमेश्वरको योजना

### हाम्रो भाग

परमेश्वरको योजनालाई खोजी गर्नु

परमेश्वरको योजना पछ्याउनलाई तयारी गर्नु

परमेश्वरको योजनाअनुसार जिउनु

### पाठका उद्देश्यहरू

यस पाठलाई अध्ययन गरिसक्नुभएपछि तपाईंले:

- आफ्नो जीवनको निम्ति परमेश्वरको योजनालाई पत्ता लगाउन र कार्यान्वयन गर्नका लागि तपाईंले अपनाउन सक्नुहुने विभिन्न कदमहरूलाई उल्लेख गर्न सक्नुपर्नेछ ।
- परमेश्वरको योजनालाई पछ्याउनुमा आनन्द छ भनी महसूस गर्न सक्नुपर्नेछ ।

## सिक्ने क्रियाकलापहरू

१. तपाईंले पहिल्यै अध्ययन गर्नुभएझैं यस पाठलाई अध्ययन गर्नुहोस्: शब्दकोशमा मुख्य शब्दहरू भेट्टाउनुहोस्, उद्देश्यहरूलाई ध्यान दिनुहोस्, पाठ विकास र उल्लिखित बाइबल पदहरूलाई पढ्नुहोस् र अध्ययन प्रश्नहरूका उत्तरहरू दिनुहोस् ।

२. रेखाचित्रहरूलाई विशेष ध्यान दिनुहोस् । पाठमा भएका केही महत्त्वपूर्ण विचारहरूलाई चित्रण गर्न यिनीहरूले सहयोग पुऱ्याउनेछन् ।

३. तपाईंले पाठलाई अध्ययन गरेर समीक्षा गर्नुभएपछि स्वयम्-जाँचलाई पूरा गर्नुहोस् । यस अध्ययन पुस्तकका पछाडिपट्टि दिइएका उत्तरहरूसँग तपाईंका उत्तरहरूलाई जाँच्नुहोस् ।

## मुख्य शब्दहरू

| | | |
|---|---|---|
| रोप्नु | बाधा | मूर्तिकार |
| लक्ष्य | सतावट दिने | ऐहिक |
| अन्तरवर्ती | प्राथमिकता | रणनीति |

## पाठ विकास

### परमेश्वरको योजना

उद्देश्य १. *परमेश्वरको योजनाका तीन पक्षहरूका विवरणहरूलाई पहिचान गर्नुहोस् ।*

त्यहाँ धेरै थोकहरू छन् जसलाई बिना योजना पूरा गर्नै सकिँदैन । उदाहरणको लागि, यदि तपाईंले घडी बनाउनुहुँदा केही पूर्जाहरूलाई त्यहाँ मिलाउन सक्नुभएन भने घडी चल्दैन । त्यसैले त परमेश्वरले संसारलाई बनाउनुहुँदा योजनालाई पछ्याउनुभयो (उत्पत्ति १:३-३१) । विश्वको अचम्मको क्रमले यस तथ्यलाई प्रमाणित गर्छ । तर यी सबैथोकभन्दा ठूलो कुराचाहिँ, प्रत्येक व्यक्तिको निम्ति परमेश्वरसँग अचम्मको योजना छ । यसलाई कदम कदममा हेरेर, हामी यस योजनालाई अध्ययन गर्नेछौं ।

## अनन्तताबाट दृष्टिगत गरिएको परमेश्वरको योजना

परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा बनाउनुभयो र सारा संसारमाथि उसलाई अधिकार दिनुभयो (उत्पत्ति १:२६; भजनसंग्रह ८:६-८)। परमेश्वर संसारका मालिक हुनुहुन्थ्यो र मानिसचाहिँ उहाँको कारिन्दा थियो। मानिसले शैतानको सुझावलाई पालन गरी परमेश्वरको विरुद्धमा विरोध गऱ्यो भनी पहिलो पाठमा नै तपाईंले अध्ययन गर्नुभएको कुरालाई तपाईं स्मरण गर्नुहुन्छ होला। त्यसपछि मानिस परमेश्वरजस्तो छैन।

मर्मत गर्न नसकिने किसिमले आफूले परमेश्वरको कामलाई बिगारेको छु भनी शैतानले विश्वास गरेको थियो। तर यो त्यस्तो थिएन, किनकि परमेश्वर तयार हुनुहुन्थ्यो। भविष्यमा के हुनेछ भन्ने कुराहरू लगायत, उहाँ सबैथोक जान्नुहुन्छ। यसरी मानिस असफल हुनेछ भन्ने कुरा सृष्टिभन्दा पहिले नै परमेश्वरलाई थाहा थियो। त्यसैले मानिसलाई पुनर्स्थापित गर्नका लागि पहिले नै उहाँले योजना बनाउनुभयो। यस अचम्मको योजनामा के समावेश छ भन्ने सामान्य रूपरेखालाई रोमी ८:२९-३० मा हेर्नुहोस् :

१. छानिएको

२. नियुक्त भएको

३. बोलाइएको

४. धर्मी ठहऱ्याइएको

५. परमेश्वरको महिमामा सहभागी तुल्याइएको

ख्रीष्टियानका हैसियतमा, तपाईं र म यस योजनाका भाग हौं। परमेश्वरको पूर्वज्ञानअनुसार हामीहरू चुनिएका हौं भनी प्रेरित पत्रुसले हामीलाई बताएका छन् (१ पत्रुस १:२)।

संसारको उत्पत्तिभन्दा अघिबाटै परमेश्वरले हामीलाई चुन्नुभयो भनी प्रेरित पावलले यही सत्यतालाई जोड दिई उल्लेख गरेका छन् (एफिसी १:४)। हामीले परमेश्वरको सेवा गर्छौं भनी उहाँले पहिल्यै जान्नुभएको कारण उहाँले हामीलाई चुन्नुभयो !

तर यस योजनासँग परमेश्वरले के ल्याउने उद्देश्य राख्नुभएको छ ? भनी तपाईं आफैसँग प्रश्न गर्नुहोस्। अवश्य पनि, मानिसको निम्ति अति उत्तम कुरा।

प्रथमतः परमेश्वरले मानिसमा आफ्नो स्वरूप पुनर्स्थापित गर्न चाहनुहुन्छ । येशू परमेश्वरका स्वरुप हुनुहुन्छ (कलस्सी १:१५; हिब्रू १:३) । यसको कारण, परमेश्वरले हामीलाई उहाँका पुत्रजस्तै बनेका चाहनुहुन्छ (रोमी ८:२९; एफिसी ४:१३; १ यूहन्ना ३:२) । दोस्रो कुराचाहिँ, परमेश्वरले आफ्ना सन्तानको ठूलो परिवार निर्माण गर्न चाहनुहुन्छ, जसमध्ये येशूचाहिँ जेठो हुनुहुन्छ (रोमी ८:२९) । अनि अन्त्यमा, परमेश्वरका सबै सन्तानले सधैंभरि उहाँसँग शासन गरेका उहाँले चाहनुहुन्छ (प्रकाश २२:५) । के यी उद्देश्यहरू साँचै नै अचम्मका छैनन् त ?

तर यस योजनामा परमेश्वरसँग उहाँ आफैको निम्ति पनि उद्देश्य छ । उहाँले विश्व र मानिसलाई पनि उहाँको महिमाको निम्ति बनाउनुभयो (प्रकाश ४:११; यशैया ४३:७) । यसरी नै उहाँले हामीलाई पुनर्स्थापित गर्ने योजना बनाउनुभयो, जसको कारण हामी उहाँको महिमाको प्रशंसा बन्न सक्छौं (एफिसी १:६; १२:१४; प्रकाश ५:११-१३) ।

१. प्रत्येक बाइबल पदलाई यसले बताउने वाक्यांशसँग तुलना गर्नुहोस् ।

| | | |
|---|---|---|
| ....क. | आफ्नो निम्ति भएको परमेश्वरको उद्देश्यलाई बताउने | १) रोमी ८:२९-३० |
| ....ख. | परमेश्वरको योजनाको रूपरेखा दिने | २) हिब्रू १:३ |
| ....ग. | परमेश्वरको स्वरुपमा को छ भनी हामीलाई बताउने | ३) प्रकाश ४:११ |
| ....घ. | परमेश्वरले हामीलाई उहाँका पुत्रजस्तै बनाउनुहुन्छ भनी हामीलाई जानकारी दिने | |

## हाम्रो जन्मबाट दृष्टिगत गरिएको परमेश्वरको योजना

तपाईंको जीवनमा कुनै उद्देश्य छैन जस्तो के तपाईंलाई कहिल्यै लागेको छ ? यस संसारमा आफू अनावश्यक व्यक्तिजस्तो के तपाईंलाई लाग्छ ? तपाईं यस संसारमा नजन्मिनुभएको भए नै असल हुनेथियो जस्तो के तपाईंलाई लाग्छ ? येशूलाई तपाईंका मुक्तिदाताका रूपमा चिन्नुभन्दा पहिले तपाईंले त्यस्तै अनुभूति गर्नुभयो होला । तपाईं अस्तित्वमा रहनुपर्छ भनी परमेश्वरले चाहनुभएको कारण,

तपाईंको जीवनको निम्ति उहाँमा योजना भएको कारण तपाईं जन्मनुभएको हो भन्ने कुरा त्यसबेला तपाईंलाई थाहा थिएन ।

उनीहरू जन्मनुभन्दा पहिले नै उनीहरूका जीवनका निम्ति परमेश्वरको योजना थियो भनी बाइबलले धेरै मानिसहरूका उदाहरण दिएको छ । मोशाको जीवनको निम्ति परमेश्वरसँग यस्तो योजना थियो । उनकी आमाले विश्वासद्वारा यस योजनालाई पत्ता लगाइन् र मिश्री सिपाहीहरूद्वारा बालकलाई मार्नबाट जोगाइन् (हिब्रू ११:२३) ।

शिमशोनको जीवनको निम्ति (न्यायकर्ता १३:१-५), यर्मियाको निम्ति (यर्मिया १:४-५), बप्तिस्मा दिने यूहन्नाको निम्ति (लूका १:५-१७), र अरूहरूको जीवनको निम्ति पनि परमेश्वरको योजना थियो । परमेश्वरले अब्राहामलाई भन्नुभयो: "तँ आशिषित हुनेछन् (उत्पत्ति १२:२); अर्थात् उनी सारा संसारका निम्ति आशिष् बन्नेछन् । यद्यपि, इतिहासले ती मानिसहरूको विवरण दिएको छ, जसका जीवन मानवजातिका लागि आशिषित नभएर स्रापित भएको थियो । यिनीहरूमध्ये एक जनाचाहिँ हनहरूका राजा अटिला थिए । तर केही इतिहासकारहरूले उनलाई "परमेश्वरका योद्धा" भने तापनि अटिलाको युद्ध र हत्याको जीवन कुनै पनि मानिसको निम्ति परमेश्वरले योजना गर्नुभएको जीवनको उदाहरण होइन । परमेश्वरले हरेक मानिसलाई यसको पृथ्वीको जीवनमा आशिषित भएको चाहनुहुन्छ । यो संसार प्रायःजसो अति दुःखदायी ठाउँ हो । र हामीहरूमध्ये हरेकले यसलाई सहनसक्ने बनाउन मद्दत गर्न सक्छौं ।

सम्भवतः कुनै कुनै बेला कसैले यसो भनेको तपाईंले सुन्नुभएको होला : "कस्तो दुर्भाग्य ! उसको भाग्य नै यस्तो हुनुपर्छ ।" दुर्घटनामा परी मृत्यु हुने अपराधी वा डरलाग्दो व्यक्तिको निम्ति दया अभिव्यक्त गर्नका लागि पनि कहिलेकहीं यसो भन्ने गरिन्छ । तर परमेश्वरले त्यस व्यक्तिको निम्ति यस्तो भाग्यको योजना गर्नु भएको होइन ! परमेश्वरले कोही पनि नाश भएको चाहनुहुन्न; यसको विपरीत हरेकले उद्धार पाएको उहाँले चाहनुहुन्छ (इजकिएल १८:२३; १ तिमोथी २:४; २ पत्रुस ३:९) । कोही मानिसहरूले आफ्ना जीवनमा मानिसहरूले गरेका कुराहरूलाई परमेश्वरको योजनासँग अलमलमा पार्ने गर्छन् ।

२. कुनै व्यक्ति जन्मनुभन्दा पहिले नै उसको जीवनमा परमेश्वरको योजना छ भनी तपाईंले उसलाई उदाहरण दिनुहुँदा तपाईंले बाइबलको कुनचाहिँ खण्डलाई प्रयोग गर्नुहुन्छ ?

क. भजनसंग्रह ८:६-८

ख. लूका १:५-१७

ग. रोमी ८:२९-३०

घ. २ पत्रुस ३:९

## हाम्रो बोलावटबाट दृष्टिगत गरिएको परमेश्वरको योजना

परमेश्वरको बोलावटमा हाम्रो प्रतिउत्तर दिँदा र हाम्रा मुक्तिदाताका रूपमा येशूलाई ग्रहण गर्दा हाम्रो जीवनको निम्ति भएको परमेश्वरको योजना निर्णायक तहमा प्रवेश गर्छ । परमेश्वरले हामीमा उहाँको स्वरूपलाई पुनर्स्थापित गर्न शुरु गर्नुहुँदा यसो हुन्छ (२ कोरिन्थी ३:१८; कलस्सी ३:१०) । परमेश्वरले हामीलाई यस संसारमा ल्याउनुभएको विशेष उद्देश्यलाई पूरा गर्न लाग्नुहुँदा पनि यसो हुन्छ ।

अब्राहामलाई चुनिएका मानिसहरूका संस्थापक हुनका लागि (उत्पत्ति १२:१-२), मोशालाई उहाँका मानिसहरूका उद्धारक हुनका लागि (प्रस्थान ३:१-१०), यशैयालाई अगमवक्ता हुनका लागि (यशैया ६:८-१०), र शाऊल वा पावललाई प्रेरित हुनका लागि (प्रेरित २६:१५-१९) परमेश्वरले बोलाउनुभयो । खास उद्देश्यको निम्ति परमेश्वरले मलाई बोलाउनुभयो । अनि उहाँले तपाईंलाई पनि बोलाउनुभएको छ !

दुःख भोगाइचाहिँ यस पृथ्वीमा हाम्रो जीवनको निम्ति परमेश्वरको योजनाको महत्त्वपूर्ण भाग हो । मूर्तिकारले आफूले बनाउन चाहेको जस्तो आकारमा नआउञ्जेलसम्म घन र रामोले ढुङ्गोमा खोपेजस्तै, परमेश्वरका योजनाअनुसार हाम्रो जीवनलाई निर्माण गर्नका लागि उहाँले दुःख-कष्टलाई प्रयोग गर्नुहुन्छ । योसेफ (उत्पत्ति ३७:१-३६; ३९:१-२३) र पावल (२ कोरिन्थी ११:२३-२८) लाई विचार गर्नुहोस् । तिनीहरू परमेश्वरका महान् व्यक्तिहरू थिए, तर तिनीहरूका जीवन दुःखकष्टले भरिएका थिए । येशू आफैले पनि "दुःख र पीडा सहनु भयो" (यशैया ५३:३) । आफूले भोग्नुभएको कष्टद्वारा उहाँले आज्ञापालन गर्न सिक्नुभयो

(हिब्रू ५:८)। अहिलेसम्मको तपाईंको जीवन येशू कलवरीमा जानुभएकोजस्तो अनुभवको जीवन छ भने पनि छक्क नपर्नुहोस्। परमेश्वरले चाहनुभएअनुसार प्रयोग गर्नका लागि उहाँले तपाईंलाई तयारी गर्दै हुनुहुन्छ भन्ने सम्बन्धमा शंका नगर्नुहोस्। तपाईंको तयारीको भाग बनेको दुःखकष्टको निम्ति पछि गएर, तपाईंले पाउनुहुने आनन्द अति नै ठूलो हुनेछ (रोमी ८:१८)।

३ परमेश्वरको योजनाको प्रत्येक रूपसँग यसलाई उत्तम किसिमले वर्णन गर्ने प्रत्येक वाक्यांशको जोडा मिलाउनुहोस्।

| | |
|---|---|
| ....क) परमेश्वरले हामीमा उहाँको स्वरूपलाई पुनर्स्थापना गर्न शुरु गर्नुहुन्छ। | १) अनन्तताबाट |
| ....ख) आफ्ना छोराछोरीले आफूसँग राज्य गरेको परमेश्वरले चाहनुहुन्छ। | २) हाम्रो जन्मबाट |
| ....ग) दुःख भोगाई परमेश्वरको योजनाको भाग हो। | ३) हाम्रो बोलावटबाट |
| ....घ) हरेक जीवनको निम्ति परमेश्वरसँग विशेष योजना छ। | |
| ....ङ) आफ्ना छोराछोरी येशूजस्तै बनेका परमेश्वरले चाहनुहुन्छ। | |
| ....च) हामी अस्तित्वमा रहौं भनी परमेश्वरले चाहनुभएको हुनाले नै हामी जन्मेका हौँ। | |

## हाम्रो भाग

## परमेश्वरको योजनालाई खोजी गर्नु

उद्देश्य २. *परमेश्वरको योजनालाई कसरी खोजी गर्नुपर्छ भनी देखाउने उदाहरणहरूलाई छान्नुहोस्।*

परमेश्वर तपाईंको जीवनका मालिक हुनुहुन्छ र तपाईंले यसलाई व्यवस्थापन मात्र गर्नुपर्छ भन्ने कुरा तपाईंले जानिसक्नुभएको छ। आफ्ना माल-मत्ता कसरी प्रयोग हुनुपर्छ भन्ने कुराको योजना मालिकले नै बनाउँछन् र कारिन्दालेचाहिँ यसलाई कार्यान्वयन मात्र गर्छ भन्ने कुरा पनि तपाईंले जानिसक्नुभएको छ। तपाईंको जीवनको निम्ति परमेश्वरसँग योजना भएको हुनाले, यो के हो भनी पत्ता लगाउनु तपाईंको निम्ति अति महत्त्वपूर्ण छ। तब, उहाँले चाहनु भएअनुसार

तपाईं आफ्नो जीवनलाई सञ्चालन गर्न सक्नुहुन्छ । यसको निम्ति तपाईंले तल उल्लिखित कुराहरूलाई गर्नु आवश्यक छ ।

१. *आफ्नो अवस्थालाई जाँच गर्नुहोस् ।* परमेश्वरले तपाईंलाई निष्क्रिय मण्डली सदस्य मात्र हुन बोलाउनुभएको छ भनी अहिलेसम्म तपाईंले विचार गरिरहनुभएको होला । अरूहरूले परमेश्वरका निम्ति विभिन्न कामहरू गर्न सक्छन्, तर तपाईंको अवस्थामा चाहिँ यो सत्य होइन भनी तपाईंले बुझ्नुभएको होला । मण्डलीमा जानुचाहिँ तपाईंको जीवनको मुख्य कार्य हो भनी तपाईंले सोच्नुभएको होला । यस्तो हो भने, वास्तवमा, पाहुनाको रूपमा मण्डलीमा जाने व्यक्तिभन्दा तपाईं धेरै फरक हुनुहुन्न । तपाईंले यस परिस्थितिमा आफूलाई मिलाउनुभएको छ, तर समय बित्दै जाँदा घरीघरी दोहोरिने कुराले तपाईंलाई थकित तुल्याएको छ – यतिसम्म कि मण्डली सेवाको समयमा तपाईंले आफूलाई निदाएको पनि भेट्टाउनुहुन्छ ! तपाईंको निम्ति परमेश्वरले चाहनुभएको कुरा यो होइन ! तपाईंका निम्ति उहाँसँग झन् उत्तम कुराहरू छन् !

तपाईं परमेश्वरप्रति अनाज्ञाकारी हुनुभएका कारण परमेश्वरसँग तपाईंका नीम्त कुनै महत्त्वपूर्ण कुरा छैन भनी तपाईंले विचार गर्नुभएको होला । तपाईंले आफ्नो जीवनलाई खेर फाल्नुभयो र तपाईंले आफूलाई फुटेको भाँडोजस्तो सम्झनुहुन्छ । तर फुटेको भाँडोलाई मर्मत गर्नमा परमेश्वर दक्ष हुनुहुन्छ (यर्मिया १८:१-८) । असफल भएका व्यक्तिहरूका निम्ति पनि उहाँसँग झन् योजना छ । आँखा धमिला भएका आफ्ना बाबुलाई छक्क्याउने याकूब (उत्पत्ति २७:१-३५); मिश्रीलाई मार्ने मोशा (प्रस्थान २:११-१५); व्यभिचारमा फँसेका दाऊद (२ शमूएल ११:१-२७) ; र आफ्ना प्रभुलाई इन्कार गर्ने पत्रुस (मत्ती २६:६९-७५) लाई विचार गर्नुहोस् । तिनीहरू हरेक जना असफल भए, तर परमेश्वरले तिनीहरूलाई क्षमा दिनुभयो; अनि, यसभन्दा पनि धेरै – उहाँले फेरि तिनीहरूलाई प्रयोग गर्नुभयो ! परमेश्वरले फेरि पनि तपाईंलाई प्रयोग गर्न सक्नुहुन्छ ।

२. *तपाईंका आफ्नै योजनाहरूलाई त्याग्नुहोस् ।* तपाईंको जीवन परिवर्तन हुनुभन्दा पहिले आफ्नो जीवनको मालिक आफै हुँ भनी तपाईंले विचार गर्नुभएको थियो; तपाईंले आफूखुसी गर्नुभयो । तर त्यसपछि तपाईंले परमेश्वरले चाहनुभएका कुराहरू गर्न थाल्नुभयो – वा तपाईंले यस्तै विचार गर्नुभयो । यद्यपि, आफ्नै योजनाहरू परमेश्वरका योजनाहरू हुन् भनी एक व्यक्तिले विचार गर्न सम्भव

छ। हिँसाको तरीकाद्वारा परमेश्वरका मानिसहरूलाई आफूले छुटकारा दिनु परमेश्वरको योजना थियो भनी मोशाले विचार गरेका थिए (प्रेरित ७:२३-२५); खीष्टियानहरूलाई सतावट दिएर आफूले परमेश्वरको पक्षमा वकालत गरिरहेको विचार शाऊलले गरेका थिए (प्रेरित ८:३;९:१-२; फिलिप्पी ३:६)। दुवै जना भूलमा परेका थिए। तपाईंले आफ्ना योजनाहरूलाई नत्यागुञ्जेलसम्म तपाईंको जीवनको निम्ति परमेश्वरका योजनाहरू के छन् भन्ने कुरा तपाईंले जान्न सक्नुहुन्न।

३. *खीष्टको प्रभुत्वलाई स्वीकार गर्नुहोस्।* शाऊल भूईंमा लोटेपछि, उनीसँग बोल्ने आवाजलाई उनले "प्रभु" भनेर जवाफ दिएका थिए (प्रेरित ९:५-६)। आवाज र उनलाई भूईंमा लोटाउने शक्ति एउटै र उही व्यक्तिको हो भनी उनले बुझेका थिए। सतावट दिने व्यक्तिले प्रभुलाई स्वीकार गरेका थिए। दमस्कसमा भएका विश्वासीहरूलाई पक्रने आफ्ना योजनाहरूलाई उनले त्यागेका थिए। अब प्रभुका आज्ञापालन गर्न उनी इच्छुक थिए। आफ्नो जीवनको निम्ति परमेश्वरको योजना जान्न चाहने हरेक व्यक्ति यस क्षणमा आउनैपर्छ। खीष्टको प्रभुत्वलाई स्वीकार नगरुञ्जेल र पूर्णरूपमा उहाँमा समर्पित नहोउञ्जेल, तपाईंले परमेश्वरको योजनालाई जान्न सक्नुहुन्न।

४. माथिको छलफलअनुसार तपाईंले परमेश्वरको योजनालाई जान्नको निम्ति आवश्यक पर्ने दुइ कुराहरूको सूची बनाउनुहोस्।

..................................................................................................



४. *के गर्नुपर्ने हो सो प्रभुसँग सोध्नुहोस् ।* "हे प्रभु अब म के गरुँ ?" भनी शाऊलले प्रश्न गरे (प्रेरित २२:१०) । कति महत्त्वपूर्ण प्रश्न ! यदि तपाईंले पहिला तीनवटा कदमहरू चाल्नुभएको छ भने, परमेश्वरसँग यस्तै किसिमको प्रश्न गर्न तपाईं तयार हुनुहुन्छ । तपाईंको जीवनको निम्ति उहाँसँग भएको योजना तपाईंलाई देखाउनका लागि प्रार्थनामा उहाँसँग बिन्ती गर्नुहोस् ।

५. *परमेश्वरको योजना स्वीकार गर्न तयार हुनुहोस् ।* तपाईंले प्रार्थना गरिरहनुहुँदा तपाईंको जीवनको निम्ति परमेश्वरले चाहनुभएको कुरालाई स्वीकार गर्न तयार हुनुहोस् । प्रत्येक व्यक्तिको निम्ति परमेश्वरले चाहनुभएको कुरालाई स्वीकार गर्न तयार हुनुहोस् । प्रत्येक व्यक्तिको निम्ति परमेश्वरसँग उही नै योजना छैन । उहाँले हामीलाई एक अर्काबाट फरक बनाउनु भएझैं, हामी हरेकको निम्ति उहाँसँग भिन्नै योजना छ । हुनसक्छ उहाँले तपाईंलाई असल पास्टर वा प्रचारक बनाउनुहुन्छ; तर उहाँले तपाईंलाई असल कामदार, कार्यालयमा काम गर्ने व्यक्ति वा पेशागत व्यक्ति पनि बनाउन सक्नुहुन्छ । हुनसक्छ, तपाईं प्रख्यात बन्नुहोला; तर तपाईं अज्ञात नै रहनुहोला । परमेश्वरले शाऊललाई महान् प्रेरित र लेखक बनाउनुभयो; तर हननियाचाहिँ दमस्कसको मण्डलीमा अति नै साधारण चेला थिए । सिमोन पत्रुस प्रख्यात बने; तर उनका दाजु अन्द्रियासचाहिँ त्यस्तो भएनन् । तर अन्द्रियासले नै सिमोनलाई येशूमा ल्याए (यूहन्ना १:४०-४२) र ख्रीष्टियान जीवनका पहिला कदमहरूमा हननियाले नै शाऊललाई अगुवाइ गरेका थिए ( प्रेरित ९:१०-१७) ।

६. *परमेश्वरको आवाज सुन्नुहोस् ।* तपाईंको जीवनको निम्ति परमेश्वरसँग भएको योजनाको लागि तपाईंले उहाँसँग विन्ती गर्नुभएको छ र अब तपाईंलाई जवाफको आवश्यकता परेको छ । परमेश्वरले विभिन्न किसिममा यो तपाईंलाई दिन सक्नुहुन्छ । यीमध्ये केहीलाई ध्यान दिनुहोस् :

क. परमेश्वरको श्रव्य सोर (प्रेरित २२:१०)

ख. स्वर्गदूत (प्रेरित ८:२६)

ग. दर्शन वा प्रकट (प्रस्थान ३:१-१०; प्रेरित १६:९-१०)

घ. सपना (मत्ती १:२०-२१)

ङ. अगमवाणी (प्रेरित १३:१-२; २२:१५-१६)

च. विश्वासीमा पवित्र आत्माको आवाज (प्रेरित ८:२९; १०:१९)

विशेष निर्देशनहरू दिनका लागि माथि उल्लिखित तरीकाहरूलाई प्रभुले प्रयोग गर्नुहुन्छ। परमेश्वरले अरू तरीकाहरूलाई पनि प्रयोग गर्नुहुन्छ, तर हाम्रा जीवनका निम्ति उहाँको योजनाको खोजीमा हामीलाई दिइने केही सुझावहरू मात्र यी हुन्। यी तरीकाहरूचाहिँ बाइबल, उपदेश, अर्को विश्वासीद्वारा लेखिएका केही कुरा वा प्रभुसँगको आफ्नो हिँडाइमा परिपक्व भएको कुनै विश्वासीको सल्लाह हुनसक्छन्। उदाहरणको लागि, बाइबलले सामान्य निर्देशनहरू दिन्छ, जुनचाहिँ सबै विश्वासीहरूका लागि लागू हुन्छ; तर तपाईं खासगरी तपाईंको मण्डलीमा डिकन वा अगुवा बन्नुपर्छ भनी यसले बताउँदैन।

तपाईंले प्रभुमा आफ्नो प्रश्न राख्नुभएपछि तपाईंले तुरुन्तै जवाफ पाउनुभएन भने पनि, तपाईं अधैर्य नबन्नुहोस्। पर्खनुहोस्। परमेश्वर तपाईंका मालिक हुनुहुन्छ र तपाईं उहाँको कारिन्दा मात्र हो भन्ने कुरालाई याद गर्नुहोस्। तपाईंले उत्तर प्राप्त गर्नुहुँदा, बाइबल वा सुद्धिबुद्धिको विपरीत यो छैन भन्ने कुरामा पक्का हुनुहोस् (गलाती १:८-९)। परमेश्वरका योजनाहरू के हुन् भन्ने सम्बन्धमा प्रभुले तपाईंलाई केही चिन्हहरू मात्र दिनुभएको छ भने, यिनीहरूलाई पालन गर्नुहोस् र पछि उहाँले अरू योजनाहरू तपाईंलाई प्रकट गरिदिनुहुनेछ (प्रेरित ९:६)।

तपाईंको जीवनको निम्ति तपाईंलाई निर्देशन दिने अगमवाणीलाई तपाईंले सुन्नुभएको होला। पवित्र आत्माले तपाईंसँग व्यक्तिगतरूपमा पक्का नगरुञ्जेल तपाईं पर्खनुहोस्। परमेश्वरबाटको प्रकाशजस्तो देखिने सपना यदि तपाईंसँग छ भने त्यसलाई तपाईं आफैले अर्थ नखोल्नुहोस्। तपाईंका पास्टर वा अरू परिपक्व विश्वासीहरूबाट सल्लाह माग्नुहोस्।

५ परमेश्वरको योजनाको खोजीको निम्ति पाठले सुझाव दिएका कदमहरूलाई कुनचाहिँ व्यक्तिले पछ्याएको छ ?

क. जिम पास्टर बनेका छन्। उनका भाइ जोहनले विचार गर्छन् कि उनले पनि आफ्ना दाजुको उदाहरणलाई पछ्याउनुपर्छ र यसरी उनी पनि पास्टर बन्ने निर्णय गर्छन्।

ख. सुजनको एउटा सपना छ, जसले तिनलाई आफू मिसनरी बन्ने कुरामा विश्वस्त तुल्याउँछ। कसैको सल्लाह नमागीकन नै कार्यालय सचिव बनेर तिनले आफ्ना योजनाहरूलाई त्यागिदिन्छिन्।

ग. जेनले तिनको जीवनको निम्ति परमेश्वरको इच्छा जान्न चाहन्छिन् । आफूले के गर्नुपर्ने हो सो कुरा परमेश्वरसँग माग्दै तिनी प्रार्थनामा समय बिताउँछिन् । तब तिनी धैर्यतासाथ उहाँमा पर्खन्छिन् र उहाँको जवाफ स्वीकार गर्न तयार छिन् ।

## परमेश्वरको योजना पछ्याउनलाई तयारी गर्नु

### तयारी आवश्यक छ

उद्देश्य ३. *परमेश्वरको योजनालाई पछ्याउनमा तयारीको महत्त्वपूर्णतालाई अभिव्यक्त गर्ने बयानहरूलाई छान्नुहोस् ।*

परमेश्वरले तपाईंको जीवनसँग के गर्न चाहनुहुन्छ भन्ने कुरामा तपाईं पक्का हुनुभएपछि तपाईंले आफैलाई तयारी गर्नु आवश्यक पर्छ । त्यहाँ धेरै किसिमका कामहरू छन् जसले केही हदसम्म पहिले नै तयारी गरिएको कुराको माग गर्छन् । प्रभुको काम यिनीहरूमध्ये एउटा हो । मण्डलीका शुरुका अगुवाहरू हुनलागेका व्यक्तिहरूलाई तयारी गर्न येशूले तीन वर्ष लगाउनु भयो । अनि यस पृथ्वीमा भएको हाम्रो सम्पूर्ण जीवन अनन्तताको निम्ति तयारी हो !



कहिलेकहीं परमेश्वरको योजना हाम्रा व्यक्तिगत इच्छाहरू सँगसँगै जान्छ । मोशाको सम्बन्धमा यही भएको थियो । इस्राएलीहरूलाई छुटकारा दिने व्यक्तिको रूपमा परमेश्वरले उनको निम्ति योजना बनाउनुभएको थियो । तर मोशा हतारमा थिए; उनी आवेगशील र हिँसात्मक मानिस थिए (प्रस्थान २:११-१४) । मोशा नम्र व्यक्ति नबनुन्जेल चालीस वर्षसम्म परमेश्वरले उनलाई तयार गर्नुभयो (गन्ती

१२:३) । के तपाईं प्रभुको निम्ति काम गर्न उत्सुक हुनुहुन्छ ? तपाईंले अति उत्तम कामको इच्छा गर्नुभएको छ ! (१ तिमोथी ३:१) । तब आफैलाई तयार गर्नुहोस्, यसरी त्यस कामको निम्ति बाइबलले माग गरेका सबै थोक तपाईंसँग हुनेछन् (१ तिमोथी ३:२-७) । तपाईंको तयारीको समय लामोजस्तो देखिए ता पनि तपाईं निराश नहुनुहोस् । उतिसको कमलो काठ भन्दा सालको कडा काठ बन्न लामो समय लाग्छ !

६ येशूले आफ्ना चेलाहरूलाई तीन वर्षसम्म तयारी गर्नुभयो किनकि तिनीहरू

क. उहाँलाई तुरुन्तै पछ्याउन तयारी थिएनन् ।

ख. ले उहाँको योजनालाई कसरी कार्यान्वयन गर्ने भन्ने कुरा सिक्नुपरेको थियो ।

ग. उहाँको कामप्रतिको समर्पणमा कमी थिए ।

*जीवनको निम्ति रणनीति*

उद्देश्य ४. *परमेश्वरको योजना र हाम्रा योजनाहरूका बीचका सम्बन्धलाई पहिचान गर्नुहोस् ।*

उद्देश्य ५. *पाठमा दिइएको रणनीतिलाई पछ्याउने योजनालाई छान्नुहोस् ।*

लूका १४:२८-३२ मा येशूले हामीलाई योजना बनाउने महत्त्वपूर्णताको बारेमा सिकाउनुहुन्छ, यसरी हामी हाम्रा लक्ष्यहरू प्राप्त गर्ने कुरामा पक्का हुनसक्छौं । तर तपाईंले यसो भन्नुहोला, मेरो जीवनको निम्ति परमेश्वरको योजना के हो भनी जान्नका लागि के मैले मेरा योजनाहरूलाई त्याग्नु पर्दैन र ? मेरा आफ्नै योजनाहरू बनाउनुको सट्टा के मैले परमेश्वरका योजनाहरूलाई पछ्याउनु पर्दैन र ? अहो, त्यो त साँचो हो; तिनीहरूसँग के गर्ने भन्ने सम्बन्धमा हाम्रा जीवनका मालिकका रूपमा उहाँले हामीलाई सामान्य निर्देशनहरू दिनुहुन्छ । तब त्यसको विस्तृतिकरणचाहिँ उहाँले हामीलाई नै छोडिदिनुहुन्छ । नत्रभने हामी परमेश्वरप्रति जिम्मेवार हुने कारिन्दाहरूका सट्टा उहाँको निम्ति कलपूर्जाजस्तै हुन्छौं । याकूब ४:१३-१५ को सामान्य पढाइले संकेत गर्छ कि परमेश्वर हामीले बनाएका योजनाहरूका विरुद्धमा हुनुहुन्छ । तर हामीले यसलाई अझै नजीकबाट हेर्‍यौं भने हामी यही देख्छौं कि हाम्रा योजनाहरूले उहाँको स्वीकृति पाएको उहाँले चाहनुहुन्छ । याकूब ४:१५ ले भनेको कुरालाई याद गर्नुहोस्: "यदि प्रभुको इच्छा

भयो भने हामी बाँचौंला र यस्तो-उस्तो गरौंला ।" यस किसिमका योजनाहरूलाई आशिष दिन परमेश्वर तत्पर हुनुहुन्छ (हितोपदेश १६:३) ।

७. हाम्रा योजनाहरू र परमेश्वरका योजनाहरूका बीचका सम्बन्धलाई कुचाहिँ बयानले सबैभन्दा उत्तम किसिमले वर्णन गर्छ ?

क. हाम्रा निम्ति परमेश्वरका योजनाहरू उहाँका सामान्य निर्देशनहरू हुन् । परमेश्वरका योजनाहरूलाई कार्यान्वयन गर्ने विशेष तरीकाहरूका योजनाहरू हामी बनाउँछौं ।

ख. याकूब ४:१३-१५ अनुसार हाम्रो जीवनको निम्ति हामीले कुनै पनि योजना बनाउनु हुँदैन किनकि परमेश्वरले हाम्रो निम्ति योजना बनाइसक्नुभएको छ ।

ग. हामीले गर्न चाहने कुराको हाम्रो सोचबाट परमेश्वरले गर्न चाहनुभएको कुरा पूर्ण रूपमा फरक भएको हुनाले हामीले योजनाहरू बनाउनुहुँदैन ।

हाम्रो ख्रीष्टियान जीवनमा हामीले योजना बनाउन सक्छौं र बनाउनुपर्छ भन्ने कुरा अहिले सम्ममा, स्पष्ट पारिएको छ । परमेश्वरले हामीलाई दिनुभएको यस जीवनलाई व्यवस्थापन गर्ने रणनीतिलाई अहिले हामी विचार गर्नसक्छौं । यस रणनीतिमा तीन भागहरू छन्, ती हुन: लक्ष्यहरू, प्राथमिकताहरू र योजनाहरू । यदि तपाईं कुनै दौड प्रतियोगितामा दौडिन लाग्नुभएको छ भने, तपाईंको सबैभन्दा ठूलो इच्छाचाहिँ लक्ष्यमा पुग्नु हुनेछ । ख्रीष्टियान जीवन पनि विभिन्न तहमा भएको दौडजस्तै हो (हिब्रू १२:१) । अन्तिम लक्ष्य स्वर्गमा पुग्नका लागि, बीचका धेरै लक्ष्यहरूमा हामी पुग्नु आवश्यक छ । प्रेरित पावलले त्यस लक्ष्यमा पुग्ने आशा गरेका थिए (फिलिप्पी ३:१४) । आफ्नो जीवनको अन्त्यमा सन्तुष्टिसाथ उनले यसो भनेका थिए: "मैले उत्तम लडाइँ लडेको छु । मैले दौड सिद्धयाएको छु" (२ तिमोथी ४:७) । तब, हामी भन्न सक्छौं कि लक्ष्यचाहिँ तपाईंको जीवनमा तपाईंले हासिल गर्न चाहनुभएको कुराको बयान हो ।

उनीहरूले यसलाई महसूस गरे पनि नगरे पनि, प्रत्येक व्यक्तिले आफ्नो जीवनको निम्ति लक्ष्यहरू बनाएको हुन्छ । "मानिसले प्रस्ताव गर्छ, तर परमेश्वरले फ्याँक्नुहुन्छ" भन्ने लोकप्रिय भनाइले पनि यो कुरालाई प्रमाणित गर्छ । अहिले तपाईंले प्रभुको सेवा गर्न आफैलाई तयारी गर्नुभएको हुनाले तपाईंका लक्ष्यहरू

तपाईंको जीवनका निम्ति भएका परमेश्वरको योजनाअनुरुप हुन्छन् । उदाहरणको लागि, यदि परमेश्वरले तपाईंलाई प्रचारक भएको चाहनुहुन्छ भने, तपाईंको एउटा लक्ष्यचाहिँ पूरै बाइबललाई पढ्नु हो । अर्को लक्ष्यचाहिँ बाइबल स्कूलमा अध्ययन गर्ने हुनसक्छ ।




यदि लक्ष्यहरू उपयोगी हुनु हो भने तिनीहरू निर्दिष्ट हुनुपर्छ । उदाहरणको लागि, असल ख्रीष्टियान वा विश्वासयोग्य कारिन्दा हुनुपर्छ भन्नेजस्ता खालका सामान्य लक्ष्यहरू हुनुहुँदैन भन्ने यसको आशय हो । यस किसिमका लक्ष्यहरूमा तपाईंका जीवनका धेरै रूपहरू समावेश गरिएका हुन्छन् । यसको अतिरिक्त, लक्ष्यहरू प्राप्त पनि हुनुपर्छ । यदि अहिलेसम्म तपाईंले पाँचजना नयाँ व्यक्तिहरूलाई बाल-संगतिमा लान सक्नुभएको छैन भने अर्को हप्ता ५० जना नयाँ व्यक्तिहरू लैजान्छु भन्नुचाहिँ अप्राप्य लक्ष्य हो । तर हप्ताभरि प्रार्थनामा एक घण्टा समय बिताउने कुराचाहिँ प्राप्य लक्ष्य हो ।

८. यदि लक्ष्यहरू उपयोगी हुनुपर्छ भने, तिनीहरू .................................... र .................................... हुनैपर्छ ।

अब तपाईं बसेर, तपाईंले प्राप्त गर्न चाहनुहुने सबै लक्ष्यहरूको सूची बनाउनुहोस् । के ती लक्ष्यहरू धेरै छन् ? यदि त्यहाँ धेरै छन् भने तपाईं महत्त्वाकांक्षी व्यक्ति हुनुहुन्छ ! म तपाईंलाई बधाई दिन्छु । तर मेरो देशमा यस्तो एउटा भनाइ छ "सबै थोकलाई बुझ्नुहोस्; धेरैलाई गुमाउनुहोस् ।" तपाईंका सबै लक्ष्यहरूमा पुग्ने पर्याप्त समय तपाईंसँग नहुनसक्छ, र पछि तपाईंले पत्ता लगाउनुहुनेछ कि तपाईं अति कम महत्त्वपूर्ण लक्ष्यमा मात्र पुग्नुहुन्छ । यस्तो अवस्थामा तपाईंले निराश वा पराजयको अनुभूति गर्नुहुन्छ । यदि तपाईंसँग धेरै लक्ष्यहरू छन् भने तपाईंले प्राथमिकताहरूलाई स्थापित गर्न आवश्यक पर्छ । वा, अर्को प्रकारमा भन्ने हो भने, तपाईं पहिले कुन लक्ष्यहरूलाई प्राप्त गर्न चाहनुहुन्छ सोको निर्धारण

गर्न तपाईंलाई आवश्यक पर्छ । यस किसिमको प्राथमिकताको क्रमअनुसार तपाईंका लक्ष्यहरू वा उद्देश्यहरूलाई वर्गीकरण गरी तपाईंले यो गर्न सक्नुहुन्छ :

क) सबैभन्दा महत्त्वपूर्ण, ख) महत्त्वपूर्ण ग) कम महत्त्वपूर्ण ।

प्राथमिकताको आधारमा कसरी लगानी गर्ने भन्ने उदाहरणलाई हामीले पाठ २ मा हेरिसकेका छौं, जुनचाहिँ वास्तवमा प्राथमिकताहरूको बाइबलीय प्रणाली हो । तपाईंका जीवनका अन्य लक्ष्यहरूमा पनि तपाईं यसलाई प्रयोग गर्न सक्नुहुन्छ ।

९. कुनचाहिँ व्यक्तिले प्राथमिकताहरूलाई निर्धारण गर्दैछ ?

क. जर्ज एक वर्षभित्रमा पूरै बाइबल पढ्न चाहन्छन् । तब हरेक महिना कतिवटा अध्यायहरू पढ्नुपर्छ भनी उनी निर्णय गर्छन् ।

ख. विद्यालयमा राम्रो गर्नका लागि आफूले अध्ययन गर्न आवश्यक छ भनी मरियमले निर्णय गरिन् । आफ्नो अध्ययनका लागि तिनले हरेक बेलुकी एक घण्टा छुट्टयाउने गर्छिन् ।

ग. आफूले चाहेका केही कुराहरू किन्नका लागि पैसा जम्मा गर्न थाल्नुभन्दा पहिले एक वर्षसम्म बाइबल स्कूलमा पढ्ने निर्णय हरिले गरेका छन् ।

१०. पाठ २ मा दिइएका प्राथमिकताहरूअनुसार तल उल्लिखित लक्ष्यहरूलाई क्रममा मिलाउनुहोस् ।

| | |
|---|---|
| ... क. तपाईंका पारिवारिक आवश्यकताहरूको हेरचाहा गर्नु । | १) पहिलो |
| ... ख. तपाईं आफ्नै निम्ति केही थप लुगा-फाटाहरू किन्नु । | २) दोस्रो |
| ... ग. तपाईंको मण्डलीका सभाहरूमा जानु | ३) तेस्रो |
| ... घ. बिरामी साथीलाई भेट्नु | |
| ... ङ. प्रार्थना र बाइबल अध्ययनमा समय बिताउनु | |

तपाईंका अति महत्त्वपूर्ण लक्ष्यहरूलाई तपाईंले स्थापित गर्नुभएपछि, तिनीहरूलाई प्राप्त गर्नका लागि आवश्यक पर्ने योजनाहरूलाई तपाईंले बनाउनुपर्छ । लक्ष्यमा पुग्ने धेरै उपायहरू त्यहाँ हुन सक्छन् तर योजनालेचाहिँ सबैभन्दा उत्तम उपाय पत्ता लगाउन हामीलाई सहायता पुऱ्याउँछ । विना योजना

तपाईंले निर्णय गर्नुभएको लक्ष्यमा तपाईं कहिल्यै पुग्न सक्नुहुन्न । अथवा, यदि तपाईं यसमा पुग्नुभयो भने पनि, आवश्यक पर्नेभन्दा लामो समय तपाईंले लिनुभएको हुनसक्छ, किनकि तपाईंले अति कठिन उपाय छान्नुभएको छ । स्वर्गमा जान चाहने तर गल्ती मार्ग पछ्याउने मानिसहरू यस पृथ्वीमा छन् भन्ने कुरा तपाईंलाई थाहा छ ।




माथि रेखा वा तारद्वारा प्रतिनिधित्व गरिएका तरीकाहरूमा सबैभन्दा उत्तमचाहिँ सबैभन्दा सीधा हो, वा गः योजनाचाहिँ यही हो । क र ङ तरीकाहरू लक्ष्यतर्फ जाँदै-जाँदैनन् र ख र घ तरीकाहरू अप्रत्यक्ष वा आवश्यकताभन्दा लामा छन् भन्ने कुरालाई ध्यान दिनुहोस् ।

तपाईंले योजना बनाउनुहुँदा पछ्याउनुपर्ने रणनीतिलाई म यहाँ सुझाव दिन चाहन्छु । तपाईंको जीवनका विभिन्न अवस्थाहरूमा यस रणनीतिलाई प्रयोग गर्ने केही व्यावहारिक तरीकाहरूलाई तपाईं तलका पाठहरूमा भेट्टाउनुहुनेछ ।

१. तपाईंको वास्तविक अवस्थालाई वर्णन गर्नुहोस् ।

२. तपाईंको लक्ष्यलाई वर्णन गर्नुहोस् ।

३. तपाईंको लक्ष्यमा पुग्नका लागि तपाईंलाई सहयोग पुऱ्याउने तत्वहरूबाट फाइदा उठाउनुहोस् र तिनीहरूलाई वर्णन गर्नुहोस् ।

४. तपाईंको लक्ष्यमा पुग्नुबाट तपाईंलाई रोक्ने बाधाहरूलाई वर्णन गर्नुहोस् र हटाउनुहोस् ।

५. तपाईंको लक्ष्यमा पुग्नका लागि तपाईंले अपनाउनु पर्ने कदमहरूलाई उल्लेख गर्नुहोस् ।

तपाईंले आफ्ना योजनाहरू बनाउनुहुँदा तपाईं अवश्य पनि प्रार्थनामा हुनु आवश्यक छ। कारिन्दाले आफ्ना मालिकसँग कुरा गरेको जस्तै तपाईंको प्रार्थना हुनुपर्छ। यसरी परमेश्वरको उचित सल्लाह तपाईंको हुनेछ (हितोपदेश १६:९)।

११. आफ्नो लक्ष्यमा पुग्नको निम्ति कुनचाहिँ व्यक्तिले असल योजनालाई पछ्याएको छ ?

क. आफू शिक्षक हुन चाहने कुरालाई जोहनले निर्णय गर्छन्। नजीकैको शहरमा एक राम्रो शिक्षक तालिम विद्यालय भएको कुरा उनी पत्ता लगाउँछन्। उनी त्यहाँ गइहाल्छन्। तर त्यहाँ पढ्नका लागि पैसा नपुगेको कारण एक महिनापछि उनी छोड्छन्।

ख. जीवन शिक्षक हुन चाहन्छन्। नजीकैको शिक्षक तालिम विद्यालयमा जान कति खर्च लाग्छ सो उनी पत्ता लगाउँछन्। एक वर्षसम्म उनले पैसा जम्मा गर्छन्, विद्यालयमा जान्छन् र अध्ययनलाई पूरा गर्छन्।

१२. अध्ययन प्रश्न ११ मा असल योजना नपछ्याउने व्यक्तिले भूल गरेका छन्। यो भूल के थियो ?

क. उनले आफ्नो वास्तविक अवस्थालाई वर्णन गरेनन् वा आफ्नो लक्ष्यमा पुग्नबाट उनलाई रोक्ने बाधाहरूलाई उनले हटाएनन्।

ख. उनले आफ्नो लक्ष्यलाई वर्णन गरेनन् वा त्यस लक्ष्यमा पुग्न उनलाई सहयोग गर्ने तत्वहरूको फाइदा लिन सकेनन्।

## परमेश्वरको योजनाअनुसार जिउनु

उद्देश्य ६. *परमेश्वरको योजनामा जिउने कुराप्रति भएको ख्रीष्टियान प्रवृत्तिको विवरणहरूलाई छान्नुहोस्।*

परमेश्वरको योजनाअनुसार तपाईंले जिउन शुरु गर्नुभन्दा पहिले तपाईंको तयारीलाई तपाईंले सिध्याउनुपर्ने आवश्यकता पर्दैन। हामी आफ्नै निम्ति होइन, तर प्रभुका निम्ति जिउनुपर्छ, किनकि हामी उहाँका नै हौं (रोमी १४:७-८)। एक व्यक्तिको कारिन्दापनको जीवनमा यही कुरा नै समावेश भएको हुन्छ।

प्रभुको निम्ति जिउनाले असल नतीजाहरू उत्पादन हुन्छ। जब हामी उहाँको निम्ति जिउँछौं, हाम्रा जीवनका मालिकका रूपमा हामी उहाँलाई आदर

गर्छौं । जसको फलस्वरुप उहाँले पनि हामीलाई उहाँका विश्वासयोग्य कारिन्दाहरूका रूपमा आदर गर्नुहुन्छ (१ शमूएल २:३०) ।

कामचाहिँ ख्रीष्टियान जीवनको एक महत्त्वपूर्ण भाग हो । परमेश्वरले मानिसलाई बनाउनुभएपछि, अदनको बगैंचालाई हेरचाहा गर्नका लागि उहाँले उनलाई त्यहाँ राख्नुभयो (उत्पत्ति २:१५) । यदि उनले बगैंचालाई गोडमेल गरे र हेरचाहा गरे भन्ने उनलाई आवश्यक पर्ने खानेकुरा बगैंचाले उत्पादन गर्ने थियो (उत्पत्ति २:१६) । हजारौं वर्षपछि प्रेरित पावलले यही सिद्धान्तलाई दोहोऱ्याउँदा यही भनेका थिए: "कसैले काम गर्दैन भने त्यसले नखाओस्" (२ थेसलोनिकी ३:१०) । तर आवश्यकतामा परेकाहरूका निम्ति सहयोग पुऱ्याउनका लागि पनि हामीले काम गरेको परमेश्वरले चाहनुहुन्छ (एफिसी ४:२८) ।



१३. मानिसले पाप गर्नुभन्दा पहिले उसलाई कुनै काम दिइएको थिएन भन्ने कुरा के सत्य हो ?

..............................................................................................................

यदि तपाईं संसारका कामहरूमा संलग्न हुनुहुन्छ भने, तपाईंले प्रभुको निम्ति काम गरिरहनुभएको छ भन्ने कुरालाई नबिर्सनुहोस् । उहाँ नै वास्तवमा, तपाईंका मालिक हुनुहुन्छ । यसकारण तपाईंले इमानदारितासाथ प्रभुको निम्ति झैं गरी तपाईंको सम्पूर्ण हृदयले आफ्ना काम गर्नैपर्छ (एफिसी ६:५-७; कलस्सी ३:२३) । तपाईं ख्रीष्टियान सेवामा संलग्न हुनुहुन्छ भने तपाईं परमेश्वरका कामदार हुनुहुन्छ भन्ने कुरालाई पनि तपाईंले बिर्सनुहुँदैन । सेवामा यस किसिमको इज्जत ल्याउनुहोस् कि तपाईं पनि कामदार हुनुहुन्छ भन्ने कुरा प्रत्येकले जान्न सकोस् । पास्टरहरूले काम गर्दैनन् भनी केही विश्वासीहरूले अझै विचार गर्छन् । तिनीहरूका

पास्टरले तिनीहरूलाई भेटघाट गर्दा, तिनीहरूले सीधासादा तरीकाले नै उनीसँग यसो भनी प्रश्न गर्छन्: “पास्टर, तपाईं यहाँ के गर्दै हुनुहुन्छ ? के यताउति हिँड्दै हुनुहुन्छ ?” अरू बेलामा यसो पनि हुन्छ कि सेवकका छोराछोरीहरूलाई पनि ख्रीष्टियान सेवा काम हो भन्ने कुरा थाहा नै हुँदैन । पास्टरका छोरालाई उनका शिक्षकले प्रश्न गरेका थिए : “तिम्रा बाबुले कस्तो किसिमको काम गर्नुहुन्छ ?” उनले जवाफ दिए, “मेरा बाबुले काम गर्दैनन् ।”

आफूलाई मन नपर्ने काममा संलग्न हुँदा र अर्को कुनै काम पाउने मौका नमिल्दा केही मानिसहरूले निराशाको अनुभूति गर्छन् । यदि तपाईंको अवस्था यही छ भने, येशूको जस्तै प्रवृत्ति लिनु तपाईंको निम्ति सहयोग पूर्ण हुन जान्छ । उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो कि उहाँको खानेकुराचाहिँ उहाँलाई पठाउनुहुनेको इच्छा पालन गर्नु र गर्नका लागि उहाँले दिनुभएको काम पूरा गर्नु हो (यूहन्ना ४:३४) । यस दुष्ट संसारमा रहनु येशूलाई सजिलो थिएन, तर उहाँले पिताको इच्छालाई पूरा गर्न रुचाउनुभयो (भजनसंग्रह ४०:८) । परमेश्वरले हामीलाई दिनुभएको काम गर्नका लागि हामी पनि यस संसारमा छौं । परमेश्वरको कारिन्दाको रूपमा तपाईंको जिम्मेवारीसँग तपाईंको कामको तालमेल हुँदैन भने पनि तपाईं नहच्किनुहोस् । तपाईं यस कामलाई छोड्न सक्नुहुन्छ र तपाईलाई सन्तुष्टि दिने र हृदयमा शान्ति ल्याउने अर्को काम अवश्य पनि परमेश्वरले तपाईंलाई दिनुहुनेछ ।

१४. कामप्रति एक ख्रीष्टियानको प्रवृत्ति कस्तो हुनुपर्छ भन्ने सम्बन्धमा अभिव्यक्त गर्ने बयान कुन हो ?

क. ख्रीष्टियानले गर्नुपर्ने किसिमको काम मैले नगरे पनि मसँग भएको कामलाई मैले जोगाउनै पर्छ ।

ख. मेरा मालिक ख्रीष्टियान नभएका हुनाले, मेरो काम गर्दाको मेरो व्यवहार त्यति महत्त्वपूर्ण छैन ।

ग. यदि मैले संसारको काम गरेँ भने, मैले सकेसम्म यसलाई राम्रो गर्नुपर्छ र मलाई यो थाहा छ कि वास्तवमा मैले प्रभुको निम्ति काम गरिरहेको छु ।

## स्वयम्-जाँच

१. हाम्रो बोलावटसँग सम्बन्धित परमेश्वरको योजनालाई तल दिइएको कुनचाहिँ बयानले सबैभन्दा उत्तम किसिमले अभिव्यक्त गर्छ ?

क. परमेश्वरले हामीलाई येशूजस्तै बनाउन शुरु गर्नुहुन्छ, र उहाँको इच्छा पूरा गर्नका लागि हामीलाई तयारी गर्न उहाँले संकटहरू र दुःखकष्टहरूलाई अनुमति दिनुहुन्छ ।

ख. संसारलाई बनाउनुभन्दा पहिले परमेश्वरले उहाँका सन्तानको परिवारलाई सृष्टि गर्ने निर्णय गर्नुभयो, जसले एकदिन उहाँसँग राज्य गर्नेछन् ।

ग. परमेश्वरले हरेक व्यक्तिलाई संसारमा आशिष भएको चाहनुहुन्छ र प्रत्येक व्यक्तिको निम्ति उहाँसँग योजना छ ।

२. आफू असफल भएको कारण परमेश्वरले आफूलाई प्रयोग गर्न सक्नुहुन्न भनी तपाईंका एक जना मित्रले तपाईंलाई बताए । ती व्यक्तिलाई तपाईं के भन्नुहुन्छ ?

क. हरेक व्यक्तिको निम्ति परमेश्वरको योजना उही नै छैन भनी व्याख्या गरिदिनुहोस् । परमेश्वरले उनलाई अरू थोकहरूका निम्ति प्रयोग गर्न सक्नुभएन भने पनि उनी अझै असल मण्डली सदस्य भएर रहन सक्छन् भनी उनलाई बताउनुहोस् ।

ख. दाऊद र मोशाजस्ता व्यक्तिहरूलाई बाइबलमा देखाउनुहोस्, जो असफल भए तापनि परमेश्वरले तिनीहरूलाई प्रयोग गर्नुभयो । उनको जीवनको निम्ति परमेश्वरको इच्छालाई निरन्तररूपमा खोज्नका लागि उनलाई उत्साह दिनुहोस् ।

३. मानिलिऔं, तपाईंले के गरेको प्रभुले चाहनुहुन्छ भनी तपाईंले उहाँसँग विन्ती गर्नुभयो । तपाईंले अझसम्म उत्तर पाउनुभएको छैन । तपाईंको अर्को कदमचाहिँ के हुनुपर्छ ?

क. खास निर्देशनहरूको नीम्त बाइबललाई खोज्नु ।

ख. निरन्तररूपमा प्रभुमा पर्खनु ।

ग. तपाईंका आफ्नै योजनाहरूलाई कार्यान्वयन गर्नु ।

४. परमेश्वरले मोशालाई ४० वर्षसम्म तयार गर्नुभयो किनकि मोशा

क. ले आफ्नो जीवनको निम्ति भिन्नै योजनाहरू राखेका थिए ।

ख. प्रभुको सेवा गर्नका लागि धेरै जवान थिए ।

ग. परमेश्वरले प्रयोग गर्न सक्नुहुने मानिस बन्नु आवश्यक थियो ।

५. हाम्रा योजनाहरू र परमेश्वरको योजनाको बीचको सम्बन्धलाई बुझ्ने व्यक्तिद्वारा तलको कुनचाहिँ बयान भनिएको हो ?

क. मेरो निम्ति परमेश्वरको योजना महत्त्वपूर्ण छ । उहाँले मलाई गर्न चाहनुभएको कुराबाट म बञ्चित नहोऊँ भन्नका लागि म मेरो आफ्नो कुनै पनि योजना बनाउन चाहँदिन ।

ख. मेरो निम्ति भएको परमेश्वरको योजना म येशूजस्तै हुनु हो । तब अरूहरूलाई आशिष पुग्ने किसिमको जीवन जिउने योजना म बनाउन सक्छु ।

ग. याकूब ४:१३-१५ ले बताउँछ कि जीवन अनिश्चित छ, त्यसैले, कुनै पनि योजना नबनाउनु अति असल हुन्छ । हामी तिनीहरूलाई कार्यान्वयन गर्न सक्छौं वा सक्दैनौं भन्ने कुरा हामी जान्दैनौं ।

६. दायाँपट्टि दिइएको प्रत्येक शब्दलाई यसलाई वर्णन गर्ने प्रत्येक वाक्यांशसँग तुलना गर्नुहोस् ।

| | |
|---|---|
| ... क. अति महत्त्वपूर्ण र कम महत्त्वपूर्ण उद्देश्यहरू के के हुन भनी निर्णयगर्ने | १) लक्ष्यहरू<br>२) प्राथमिकताहरू |
| ... ख. तपाईंको लक्ष्यमा पुग्नका लागि तपाईंले अपनाउनु पर्ने कदमहरू दिने प्रणालीहरू | ३) योजनाहरू |
| ... ग. तपाईंले पहिले प्राप्त गर्न चाहनुहुने लक्ष्यहरूका सूची | |
| ... घ. वास्तवमा तपाईंले प्राप्त गर्न चाहनुहुने कुराका बयानहरू | |

७. मरियम आफ्नो मण्डलीमा भएका गरीब परिवारका केटाकेटीहरूका निम्ति लुगाहरू दिएर सहायता पुऱ्याउन चाहन्छिन्। कुनचाहिँ योजनाले यस पाठमा सुझाव दिइएको रणनीतिलाई पछ्याउँछ ?

क. सबैभन्दा पहिला मरियमले, ती परिवारका छोराछोरीलाई चाहिएजति लुगा बनाइदिने कुरा गरिन्। तब तिनले कतिवटा लुगाहरू बनाउने हो भनी निर्णय गरिन्। अनि कति लुगा तिनीसँग छ र कति तिनी किन्न सक्छिन् भनी तिनले विचार गर्न थालिन्।

ख. सबैभन्दा पहिला, मरियमले आफूसँग भएको लुगा वा आफूले किन्न सक्ने लुगाको बारेमा विचार गरिन्। तब कतिवटा लुगा बनाउन सकिन्छ भनी तिनले निर्णय गरिन्। अनि तिनी लुगा बनाउँछिन् र परिवारलाई दिन्छिन्।

८. मानिलिऔं कि कुनै नयाँ विश्वासीले तपाईंलाई भन्यो कि अब ऊ ख्रीष्टियान भएको छ र अब उसले काम गर्नु पर्दैन। अरू विश्वासीहरू जससँग प्रशस्त छ उनीहरूले नै उसको वास्ता गर्नुपर्छ भनी ऊ भन्छ। कुनचाहिँ प्रतिउत्तर उसको निम्ति सबैभन्दा उत्तम हुन सक्छ ?

क. मानिसले परमेश्वरको आज्ञा भङ्ग गरी पाप गरेको कारण उसले काम गर्नुपर्छ भनी उत्पत्ति २:१५ मा बाइबलले बताएको छ भनी उसको सामु उल्लेख गरिदिनु। यसैले कुनै पनि मानिसले काम नगरी उम्कन सक्दैन भन्ने कुरा साँचो हो भनी उसलाई बताउनु।

ख. उत्पत्ति २:१५ ले प्रदर्शन गरेझैं शुरुदेखि नै मानिसले काम गरोस् भनी परमेश्वरले योजना गर्नु भएको कुरा उसलाई देखाउनु। आफैलाई र अरूहरूलाई सहयोग पुऱ्याउनका लागि प्रत्येक व्यक्तिले काम गर्नैपर्छ भनी एफिसी ४:२८ ले हामीलाई कसरी देखाएको छ सो बताउने।

## अध्ययन प्रश्नहरूका उत्तरहरू

८. खास, प्राप्य ।

१. क ३) प्रकाश ४:११ ।
ख १) रोमी ८:२९-३० ।
ग २) हिब्रू १:३ ।
घ १) रोमी ८:२९-३० ।

९ ग) हरि । (कुन दुइ सम्भाव्य लक्ष्यहरूमा पुग्ने उनको कोशिशमा उनले निर्णय गरे । मरियम र जर्जले लक्ष्यहरू निर्धारण गरे र तिनमा पुग्ने योजनाहरू बनाए ।)

२ ख. लूका १:५-१७ ।

१० क. २) दोस्रो ।
ख. ३) तेस्रो ।
ग. १) पहिलो ।
घ. २) दोस्रो ।
ङ. १) पहिलो ।

३) क ३) हाम्रो बोलावटबाट ।
ख १) अनन्तताबाट ।
ग ३) हाम्रो बोलावटबाट ।
घ २) हाम्रो जन्मबाट ।
ङ १) अनन्तताबाट ।
च २) हाम्रो जन्मबाट ।
११ ख) जीवन ।

४ तपाईंले क) तपाईंका आफ्नै योजनाहरूलाई त्याग्नुपर्छ र
ख) ख्रीष्टको प्रभुत्वलाई स्वीकार गरी उहाँमा पूर्ण रूपले समर्पण गर्नुपर्छ ।

१२ क) उनले आफ्नो वास्तविक अवस्थालाई वर्णन गरेनन् ... (उनको लक्ष्य के थियो भन्ने कुरा जोहनलाई थाहा थियो । तर आफ्नो वास्तविक अवस्थालाई वर्णन गर्न उनी असफल भए: विद्यालयमा जानका लागि उनलाई कति पैसा चाहिन्छ । अनि उनले बाधा पनि हटाएनन्: आफ्नो अध्ययनको निम्ति तिर्नुपर्ने पर्याप्त पैसा उनीसँग नहुनु ।)

५ ग) जेन । (उत्तर क) बेठीक हुन्छ । आफ्ना दाजु जिमको भन्दा बेग्लै योजना परमेश्वरले उनको लागि राख्नुभएको हुनसक्छ भन्ने कुरालाई जोहनले याद गर्नुपर्छ । उनको आफ्नो जीवनको निम्ति उनले परमेश्वरको इच्छालाई खोज्नुपर्छ । उत्तर (ख) पनि ठीक छैन । उनको सपनाको अर्थ खोल्नका लागि अझै परिपक्व ख्रीष्टियानहरूको सल्लाह नखोजेर सुजनले भूल गरिन् ।)

१३) होइन । अदनको बगैँचालाई हेरचाहा गर्ने काम उसलाई दिइएको थियो ।

५) ख) उहाँको योजनालाई कसरी कार्यान्वयन गर्ने भन्ने कुरा सिक्नुपरेको थियो ।

१४) ग) यदि मैले संसारको काम गरें भने, मैले सकेसम्म यसलाई राम्रो गर्नुपर्छ, र मलाई यो थाहा छ कि वास्तवमा मैले प्रभुको निम्ति काम गरिरहेको छु ।

७) क) हाम्रा निम्ति परमेश्वरका योजनाहरू उहाँका सामान्य निर्देशनहरू हुन् । परमेश्वरका योजनाहरूलाई कार्यान्वयन गर्ने विशेष तरीकाका योजनाहरू हामी बनाउँछौं ।